अनुसूची-५

## दफा ३ को उपदफा (२) सँग सम्बन्धित
## "घ" वर्गको निर्माण व्यवसायीको योग्यता विवरण

१.पूँजीः प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँचलाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा कम्पनी रजिष्टारको कार्यलयमा दर्ता भएको हुनु पर्नेछ ।

२. जनशक्तिः मान्यता प्राप्त शिक्षण संस्थाबाट,
(क) सिभिल ईन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण प्राविधिक १ जना,
(ख) वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण लेखा सम्बन्धी काम गर्ने कर्मचारी १ जना,
(ग) माथि उल्लेखित (क) र (ख) बमोजिमको जनशक्तिको सेवा पूरा समय प्राप्त भएको शुनिश्चित हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण :**
(क) ट्रिपर/टयाक्टर -एक थान
(ख) मिक्सर मेशिन - एक थान -
(ग) थेडोलाईट/लेबल मेशिन - एक सेट
(घ) वाटर पम्प - दुई थान
(ङ) भाइब्रेटर - तीन थान
(च) सवारी साधन मोटरसाईकल १ थान
(छ) कम्प्यूटर प्रिन्टर -एक सेट

नोटः

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु र नयाँ खरिद भएकोमा मु.अ.कर विजक अनिवार्य पेश गर्नु पर्नेछ ।
२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु हाल ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।
३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।
४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।